# अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धी प्रादेशिक सम्मेलन

## २०-२१ फागुन २०७४

## धनगढी घोषणा पत्र

अपाङ्गता भएका व्यक्ति समाजमा सवै भन्दा पछाडि परिएका नागरिक हुन भन्ने सर्वबिदितै छ । अपाङ्गता भएका व्यक्तिहरूको सवालहरूलाई मानव अधिकार, विकास, मानवीय सम्वेदनासँग जोडेर नीति नियम कानून, कार्यक्रम तथा अन्य विकासका संरचनाहरू नबन्ने परिपाटीले गर्दा १.९४ प्रतिशत अपाङ्गता भएका नेपाली नागरिक एक्काइसौ सताव्दिमा पनि अत्यन्त कष्टकर र अधिकारविहीन भइ दोश्रो दर्जाको नागरिकको रुपमा जीवन बिताउन बिवश छन् । नेपालमा विभिन्न समयमा  भएका राजनीतिक परिवर्तनका लागि गरिएका आन्दोलनहरुमा अपाङ्गता भएका व्यक्तिहरूको सक्रिय सहभागिता रहेको  थियो । मुलुकको परिवर्तनका हरेक कार्यमा  सकृय योगदान पुर्याएका अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक दल, सरकार कसैले पनि सम्मानित ढंगबाट समावेशीकरण नगराउँदा अपाङ्गता भएका व्यक्तिहरुले अझै पनि विभिन्न समस्याहरु व्यहोरी रहेको र यसको सक्रिय कार्यान्वयन पक्ष कमजोर रहेको हुँदा विभेदरहित समतामूलक समाजको निर्माण हुन सकिरहेको छैन । अपांगता भएका ब्यक्तिहरुको अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि सन २००६ को ब्यवस्था, नेपालको संबिधान २०७२ र अपांगता भएका ब्यक्तिहरुको अधिकार सम्वन्धी ऐन २०७४ द्वारा प्रदत्त अधिकारहरुको सहज उपभोगका निमित्त सांग ब्यक्तिहरु सरह सम्मानीत र मर्यादित जीवन यापनका लागि अधिकारको सुनिश्चितता तथा दिगो बिकासका लक्ष्य हासिल गर्नका लागि राष्ट्रिय बिकासको मूल प्रबाहमा अपांगता भएका ब्यक्तिहरुका सामाजिक, आर्थिक, राजनितिक एबं सास्कृतिक अधिकारहरुको प्रत्याभुति सहित सबै प्रकारका बाताबरणीय अबरोधहरुको अन्त्य गर्दै मानव अधिकार मैत्री ब्यवस्थाको लागि राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय, धनगढीको आयोजनामा, आयोगका माननीय सदस्य प्रकाश वस्तीज्यूको समुपस्थितिमा र राष्ट्रिय अपांग महासंघ ७ नं. प्रदेश कार्यालयको समन्वयमा अपांगता क्षेत्रमा क्रियाशील रहेका ७ नं. प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कंचनपुर, बाजुरा, अछाम, बझाङ्ग, डोटी तथा कैलालीबाट आउनु भएका अपांगता भएका ब्यक्ति र सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिज्यू हरुको बीचमा अपांगता मानव अधिकारको सम्वन्धमा ब्यापक छलफल भई उठान भएका समस्याहरु र ती समस्या सामाधानका सुझावहरु समेतका आधारमा निम्न बुदाहरुलाई समेटदै यो धनगढी घोषणा पत्र जारी गरिएको छ ।

**सम्मेलनमा उठान भएका सवालहरुः**

- जनशक्ति र स्रोत साधनको अभावमा जिल्लाबाट अपांगता परिचयपत्र बितरण गर्न कठिन ।
- उच्च शिक्षा निशुल्क भनिए पनि शुल्क लिएको, अपांगता छात्रबृतिको दुरुपयोग भएको, अपांगता शिक्षक राहत कोटा, लियन पद जस्ता शैक्षिक दरबन्दीहरु बर्षौंदेखि रिक्त अवस्थामा रहेको ।
- ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य उपचार र आरक्षित सैयाको ब्यवस्था कानुनमा भए पनि कार्यान्वयन नभएको ।
- अपांता भएका ब्यक्तिको लागि निजी क्षेत्रमा रोजगारी सृजना नभएको ।
- यातायातका साधन पहुँचयुक्त नभएका र सार्बजनिक यातायातमा आरक्षण सिट र नियमानुसार भाडा छुटको ब्यवस्था कार्यान्वयन नभएको ।
- सरकारी तथा सार्बजनिक भौतिक संरचना पहुँचयुक्त नभएको ।
- स्थानीय तहमा अपांगता शसक्तीकरण र बिकासका लागि बजेट नियमानुसार बिनियोजन नभएको, लक्षित बर्गको बजेट बिकास निर्माणमा खर्च गर्ने गरेको ।
- सामाजिक समावेशिता र महिला तथा बालबालिका कार्यालय मार्फत सञ्चालित CBR कार्यक्रमलाई स्थानीय तहबाट  निरन्तरता नदिएको ।
- घरबास नभएका र आर्थिक अवस्था कमजोर भएका अपाङ्गता भएका व्यक्तिहरुका लागि घरबासको व्यवस्था, ब्यापार र कृषि व्यवसायमा सहुलियत ऋण र बीमाको व्यवस्था कार्यान्वयन  नभएको ।

- बेसहरा, अशक्त, टुहुरा र घर भित्र लुकेर रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक समायोजन गर्ने अपाङ्गता पुर्नस्थापना केन्द्र र दिवा सेवा केन्द्रको स्थापना नभएको ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमुलक तालिम, आयआर्जन, लोक सेवा तयारी कक्षा, साँकेतिक भाषा तालिम,ब्रेल लिपि र आवागमन सामग्रीको अभाव रहेको ।
- समान सहभागितामुलक विकास कार्यक्रमको अवधारणा अनुसार महत्वपुर्ण निर्णय निमार्ण गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता , सम्पत्ती कर, तथा अन्य एकीकृत करमा पुर्ण छुट हुनु पर्ने ।
- स्थानीय क्लब, समूह, सहकारी संस्थाको विनियम, विधान र कानुनमा नै अपाङ्गता समावेशी गराउन नीति परिवर्तनका लागि स्थानीय सयन्त्र निमार्ण नभएको ।
- अपाङ्गता कुपोषणको अन्त्य र शारीरिक व्यायामका क्रियाकलापहरु संचालन हुन नसकेको ।
- हरेक न.पा. र गाउँपालिका कार्यालयमा अपाङ्गता सूचना केन्द्र/सहायता कक्ष वा म्ष्कबदष्टितथ ल्यतषअभ ऋयचलभच स्थापना हुनु नसकोको ।
- निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउन नीतिगत परिवर्तन नभएको ।
- शिक्षाबाट बञ्चित अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त शैक्षिक अध्ययन केन्द्रहरु संचालन, स्रोत कक्षाहरुको स्तरोन्नति, अध्ययन केन्द्रहरुमा सांकेतिक भाषाका सामग्री, दक्ष शिक्षक तथा श्रव्य दृश्य सामग्री र ब्रेललिपिका सामग्रीको व्यवस्थापन हुन नसकेको र स्रोत शिक्षकहरुको स्थायित्व नभएको ।
- अपाङ्गता रोजगारी सिर्जना र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्ने नीतिगत र प्रक्रियागत सामुदायिक क्रियाकलापहरु संचालन गर्न नसकेको ।
- सिपयुक्त अपांगता भएका व्यक्तिहरुलाई उपयुक्त रोजगारीको प्रवन्ध कार्यक्रम सञ्चालन ,योजना तर्जुमा तथा निर्माण समिति उपझोक्ता समिति र अनुगमन समितिमा समावेशी सहभागिता नगरिएको र स्थानीय तहमा नियमानुसार अपांगता सम्न्वय समिति गठन नगरिएको ।
- प्रत्येक स्थानीय तहमा अपांगता आकस्मिक विकास कोष स्थापना नभएको ।
- बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाली सांकेतिक भाषा तालिम तथा प्रशिक्षकको अभाव र दृष्टि बिहिनका लागि अडियो सुचना संचालन नभएको ।
- अपाङ्गता सम्बन्धी सूचनामुलक श्रव्यदृश्य सामग्री प्रकाशन र प्रशारण पहुँच युक्त ढाचामा नभएको ।
- अपाङ्गता भएका व्यक्तिहरुको पुर्ण सरसफाई र पारिवारिक जिम्मेवारी बोध गराउन अपाङ्गता सरसफाई प्रोत्साहन भत्ताको ब्यवस्था नभएको ।
- अपाङ्गता रोजगारी सिर्जना र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्ने नीतिगत सुधार तथा ब्यबशाय सुरुवात सहयोग संचालन नभएको ।
- सरकारी क्षेत्रबाट संचालन गर्ने क्रियाकलापहरुलाई अपाङ्गतासँग जोडेर वहाँहरुको क्षमता र दिगो विकासका लागि लगानी र सहकार्य गर्ने बाताबरण सृजना नभएको ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामुहिक वकालत गर्न स्थानीय तह स्तरीय संरचना नभएको ।
- अनौपचारिक क्षेत्रले अपांगता श्रमिक लाई श्रममा लागाए बाफत उचित्त ज्याला नदिने गरेको ।
- अटिज्म, मनोसामाजिक तथा बौद्धिक अपांगता भएका ब्यक्तिहरुको सवाल स्थानीय तहमा नउठेको र यस्ता प्रकृतिका अपांग बढी हिंसा पीडित भएका ।
- अपांगता भएका महिलाहरु घरेलुहिंसा तथा यौनजन्यहिंसाबाट पीडित भएका ।
- अपांगता सहायक सामग्री उत्पादनकेन्द्र तथा मरमत केन्द्र नभएको ।
- दैबी प्रकोप र बिपतमा परेको अपांगताका सवाललाई सम्वोधन गर्न जिल्ला दैबी प्रकोप उद्धार समितिमा अपांगताको प्रतिनिधित्व नभएको ।
- अपांगता शिक्षक तथा कर्मचारीहरुको हकमा अस्थायी, लियन, सट्टा र करारमा रहेकाहरुको स्थानान्तरण गर्ने गरेको र स्थायित्व नभएको ।

- स्थानीय तह र प्रदेश सभाले बनाउने कानुनहरुलाई अपांगतामैत्री बनाउन राष्ट्रिय अपांगता महासंघको प्रतिनिधित्वको सवाल

**सुझावहरुः**

१. अपाङ्गता परिचयपत्र वितरण निर्देशिका २०६५ अनुसार मापदण्डको आधारमा स्थानीय तह मार्फत अपाङ्गता पचियपत्र वितरण हुनुपर्ने र पहिचान नभएका अपांगता परिचय पत्रका लागि जिल्लास्तरको समितिमा छानबिन गर्ने ब्यवस्था हुनुपर्ने ।

२. निशुल्क शिक्षा सम्बन्धि २०६/०७/२८ को सर्वाच्चको फैसला र शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार निशुल्क उच्च शिक्षा हुनु पर्ने र अपाङ्गता शैक्षिक रोजगारी सृजना गर्नु पर्ने ।

३. अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा भएको व्यवस्था अनुसार अपाङ्गता भएका क्तिहरुको निःशुल्क स्वास्थ्य उपचार र आरक्षित शैयाको व्यवस्था ।

४. अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा भएको व्यवस्था अनुसार २५ जना भन्दा बढी कर्मचारी नियुक्ति गर्नुपर्ने कम्पनी वा फर्मले अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगार दिई नियुक्त गरेमा २५ प्रतिशतसम्म आयकर छुट हुने व्यवस्था भएकोले निजी व्यावसायिक क्षेत्रमा अपाङ्गता रोजगारीको अवसर उपलब्ध हुनु पर्ने ।

५. सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १०७ को उपदफा १ मा १५ जना भन्दा बढी सवारी बोक्ने छोटो दुरीमा चल्ने सवारी साधनमा ४ वटा सिटहरु अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षित गरिनुपर्ने र लामो दुरीका सवारी साधनहरुमा २ वटा सिटहरु अशक्त र अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षित गर्नुपर्ने व्यवस्था सँगै वास्तविक भाडा दरमा अपाङ्गता परिचयपत्रको आधारमा ५०% भाडा छुटको व्यवस्था कार्यान्वयन हुनु पर्ने।

६. नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता २०६० को पूर्ण पालना नहुँदा पहुचयुक्त भौतिक संरचना निर्माण नभएकोले राजस्व कार्यालय, बैंकिङ वाणिज्य कार्यालयमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज आवागमन सार्वजनिक शैचालय पहुँचयुक्त हुनु पर्ने।

७. सामाजिक सुरक्षा भत्ता र छात्रवृत्तिमा भएको व्यापक अनियमितता र दुरुपयोग रोकिनु पर्ने ।

८. स्थानीय तहमा अपाङ्गताको लक्षित बजेट स्थानीय शासन सञ्चालन निर्देशिकाको दायरा र २०६९ को स्थानीय विकास मन्त्रालयको सचिव स्तरीय निर्णय अनसुार न्यूनतम १ देखि ५ प्रतिशत सम्म छुट्याउनुपर्ने । अपाङ्गता क्षेत्रको बजेट बाटोघाटो, पुलपुलेसा, शौचालय, विद्युत जस्ता विकासे कार्यमा खर्च हुनबाट रोकिनु पर्ने।

९. सामाजिक समावेशिता र महिला तथा बालबालिका कार्यालय मार्फत सञ्चालित CBR कार्यक्रमलाई स्थानीय तहबाट निरन्तरता गरिनुपर्ने ।

१०. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा भएको व्यवस्था अनुसार घरबास नभएका र आर्थिक अवस्था कामजोर भएका अपाङ्गता भएका व्यक्तिहरुका लागि घरबासको व्यवस्था र ब्यापार र कृषि व्यवसायमा सहुलियत ऋण र बीमाको व्यवस्था कार्यान्वयन हुनु पर्ने ।

११. बेसहरा, अशक्त, टुहुरा र घर भित्र लुकेर रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक समायोजन गर्ने अपाङ्गता पुर्नस्थापना केन्द्र र दिवा सेवा केन्द्रको स्थापना गरिनुपर्ने र प्रदेश नं ७ को प्रत्येक जिल्लाको अपांगता बालबालिकाको शैक्षिक अधिकार सुनिश्चि गर्न भौगोलिक रुपमा पायक पर्ने गरी अपांगता समाबेशी बिद्यालय स्थापना हुनु पर्ने ।

१२. अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमुलक तालिम, आयआर्जन, लोक सेवा तयारी कक्षा, दीर्घकालीन साँकेतिक भाषा तालिम, ब्रेल लिपि र आवागमन सामग्रीको ब्यवस्थाका साथै सबै स्थानीय तहहरुमा बहिराहरुको सवालहरुको उठान हुनु पर्ने, प्रत्येक स्थानीय तहमा दोभासे उत्पादनका लागि कार्यक्रम हुनु पर्ने र कार्यक्रम संचालन हुदा दोभासेको ब्यवस्था स्थानीय तहबाट हुनुपर्ने ।

१३. समान सहभागितामुलक विकास कार्यक्रमको अवधारणा अनुसार महत्वपुर्ण निर्णय निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता, सम्पत्ति कर, तथा अन्य एकीकृत करमा पुर्ण छुट तथा निःशुल्क कानुनी सहायता हुनु पर्ने ।

१४. स्थानीय क्लब, समूह, सहकारी संस्थाको विनियम, विधान र कानुनमा नै अपाङ्गता समावेशी गराउन नीति परिवर्तनका लागि स्थानीय सयन्त्र निमार्ण हुनु पर्ने ।

१५. अपाङ्गता कुपोषणको अन्त्य र शारीरिक व्यायामका क्रियाकलापहरु संचालन हुनु पर्ने ।

१६. हरेक न.पा. र गाउँपालिका कार्यालयमा अपाङ्गता सूचना केन्द्र/सहायता कक्ष वा Disability Notice Corner स्थापना हुनु पर्ने ।

१७. निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउन नीतिगत परिवर्तन गरिनुपर्ने ।

१८. शिक्षाबाट बञ्चित अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त शैक्षिक अध्ययन केन्द्रहरु संचालन, स्रोत कक्षाहरुको स्तरोन्नती, अध्ययन केन्द्रहरुमा सांकेतिक भाषाका सामग्री, श्रव्यदृश्य सामग्री र ब्रेललिपीका सामग्रीको व्यवस्थापन गरिनुपर्ने ।

१९. अपाङ्गता रोजगारी सिर्जना र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न नीतिगत र प्रक्रियागत सामुदायिक क्रियाकलापहरु संचालन गरिनुपर्ने ।

२०. सिपयुक्त अपांगता भएका व्यक्तिहरुलाई उपयुक्त रोजगारीको प्रवन्ध कार्यक्रम सञ्चालन ,योजना तर्जुमा तथा निर्माण समिति उपझोक्ता समिति र अनुगमन समितिमा समावेशी सहभागिता गरिनुपर्ने ।

२१. प्रत्येक स्थानीय तहमा अपांगता आकस्मिक विकास कोष स्थापना गरिनुपर्ने ।

२२. बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाली सांकेतिक भाषा तालिम र दृष्टिबिहिनका लागि अडियो सुचना संचालन गरिनुपर्ने ।

२३. अपाङ्गता सम्बन्धि सूचनामुलक श्रव्यदृश्य सामग्री प्रकाशन र प्रशारण पहुँच युक्त ढाचामा गरिनुपर्ने ।

२४. अपाङ्गता भएका व्यक्तिहरुको पुर्ण सरसफाई र पारिवारिक जिम्मेवारी बोध गराउन अपाङ्गता सरसफाई प्रोत्साहन भत्ता वितरण गरिनुपर्ने ।

२५. अपाङ्गता रोजगारी सिर्जना र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न नीतिगत सुधार तथा ब्यबशाय सुरुवात सह्योग संचालन गरिनुपर्ने ।

२६. सरकारी क्षेत्रबाट संचालन गर्ने क्रियाकलापहरुलाई अपाङ्गतासँग जोडेर वहाँहरुको क्षमता र दिगो विकासका लागि लगानी र सहकार्य गरिनुपर्ने ।

२७. अपाङ्गता भएका व्यक्तिहरुको सामुहिक वकालत गर्न स्थानीय तह स्तरीय अपाङ्गता पैरवी मञ्च स्थापना गरी, त्रैमासिक बैठक आयोजना गरिनुपर्ने ।

२८. अनौपचारिक क्षेत्रले अपांगता श्रमिक लाई श्रममा लागाए बाफत उचित्त ज्याला दिनुपर्ने ।

२९. अटिज्म, मनोसामाजिक तथा बौद्धिक अपांगता भएका ब्यक्तिहरुको सवाल स्थानीय तहमा उठनुपर्ने र यस्ता प्रकृतिका अपांगलाई हिंसामुक्त सयन्त्र निर्माण गरी प्रभावीतहरुको न्यायमा पहुँचको सुनिश्चितता गर्नु पर्ने ।

३०. अपांगता भएका महिलाहरु घरेलुहिंसा तथा यौनजन्यहिंसाबाट पीडित हुनेहुदा पीडितको उचित्त सम्मान र क्षतिपुर्तिको ब्यवस्था हुनुपर्ने ।

३१. अपांगता सहायक सामग्री उत्पादनकेन्द्र तथा मरमत केन्द्र प्रदेशमा स्थापना हुनु पर्ने ।

३२. दैबि प्रकोप र बिपतमा परेको अपांगताका सवाललाई सम्वोधन गर्न जिल्ला बिपत ब्यवस्थापन समितिमा अपांगताको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने ।

३३. अपांगता शिक्षक तथा कर्मचारीहरुको हकमा अस्थाई, लियन, सट्टा र करारमा रहेकाहरुको स्थानान्तरण नगरी स्थायीत्वको साथै घर पायक सरुवाको ब्यवस्था हुनुपर्ने ।

३४. स्थानीय तह र प्रदेशसभाले बनाउने कानुनहरुलाई अपांगतामैत्री बनाउन राष्ट्रिय अपांगता महासंघको प्रतिनिधित्व हुनुपर्ने ।

यी अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई विकास र मानव अधिकारको एजेन्डाको रूपमा स्थापित गर्ने प्रमुख उद्देश्य सहित नेपालमा अपाङ्गता भएका नागरिकहरूको अधिकारलाई स्थापित गराउन, नेपाल सरकार तथा अन्य सम्बन्धित नियकायहरूसंग सहकार्य गरी कानुनी तथा नीतिगत व्यवस्थामा सकारात्मक परिवर्तन ल्याउने कार्यमा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय अपाङ्ग महासंघ तथा सरकारी, गैर सरकारी संघसंस्थाहरु निरन्तर रूपमा क्रियाशील हुदै आइरहेका छन् । हामी आशा गर्छौ हाम्रा यी सवालहरुप्रति यहाँहरुले सम्वेदनशिल भई बिगतमा जस्तै हाम्रा मागहरुलाइ बेवास्ता नगरि सम्वोधन गर्नुहुनेछ भन्ने पुर्ण आसा र भरोसाका साथ यथाशिघ्र कार्यान्वयका लागि हामी यस अपांग मानव अधिकार सम्वन्धी धनगढी घोषणा पत्रमा हस्ताक्षर गर्दै पूर्ण प्रतिबद्धता जाहेर गर्दछौ ।

धन्यवाद ।

मिति २०७४ फागुन २१